# संघीय संसद

# राष्ट्रिय सभा

# बाह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# ९ साउन २०७९

# सोमवार

# बैठक सङ्ख्या- ४०

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको ११:०० बजे प्रारम्भ भयो ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयाललाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" लाई सभासमक्ष टेबुल गर्न समय उपलब्ध गराउँछु ।

(राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयालले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" टेबुल गर्नुभयो।)

माननीय सदस्यहरू, अब म राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयाललाई "नेपाल इन्जिनियनिङ परिषद् (पहिलो संशोधन) विधेयक, २०७६" र "ज्येष्ठ नागरिक (पहिलो संशोधन) विधेयक, २०७५" का सम्बन्धमा प्रतिनिधि सभाबाट सन्देश सभासमक्ष जानकारी गराउन समय उपलब्ध गराउँछु ।

**<u>राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयाल</u>:-** सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाबाट सन्देशसहित प्रतिनिधि सभामा पठाइएका विधेयकहरूका सम्बन्धमा सन्देश प्राप्त भएको छ । अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावलीको नियम १२३ को व्यवस्था बमोजिम उक्त सन्देश सभालाई जानकारी गराउँछु ।

संवत् २०७९ साल साउन ४ गते बुधवार बसेको प्रतिनिधि सभाको बैठकले राष्ट्रिय सभामा उत्पत्ति भएका "नेपाल इन्जिनियनिङ परिषद् (पहिलो संशोधन) विधेयक, २०७६" लाई विकास तथा प्रविधि समितिको प्रतिवेदन संशोधनसहित र "ज्येष्ठ नागरिक (पहिलो संशोधन) विधेयक, २०७५" लाई महिला तथा सामाजिक समितिको प्रतिवेदन संशोधनसाथै सभाले स्वीकार गरेको संशोधनसहित पारित गरेकाले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १३२ को (५) बजोजिम सन्देशसहित उक्त विधेयकहरू फिर्ता पठाइएको बेहोरा अनुरोध गर्दछु ।

गोपलानाथ योगी<br>
प्रतिनिधि सभाको सचिव

**<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्यहरू, अब म माननीय खानेपानी मन्त्री उमाकान्त चौधरीलाई "खानेपानी तथा सरसफाई विधेयक, २०७६ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

**<u>माननीय खानेपानी मन्त्री श्री उमाकान्त चौधरी</u>:-** सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "खानेपानी तथा सरसफाई विधेयक, २०७६ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक आजै १० मिनेटपछि बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक आजै १० मिनेटपछि बस्ने गरी यो बैठक स्थगित भयो ।)

**स्थगितः- ११:०५ बजे ।**